# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, भदौ २४ गते २०३८ साल (अतिरिक्ताङ्क २६

# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट फ्रान्सको राजधानी पेरिसमा आयोजित अल्प विकसित राष्ट्रहरूको समस्यासम्बन्धी राष्ट्र संघीय सम्मेलनलाई सम्बोधन गरिबक्सी स्वदेश फिरिबक्सँदा २०३८ साल भदौ २४ गते देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

फ्रान्सको राजधानी पेरिसमा अल्प विकसित राष्ट्रहरूको समस्याबारे आयोजित राष्ट्र संघीय सम्मेलनलाई सम्बोधन गरी आज स्वदेश फर्कँदा हामीलाई खुशी लागेको छ । पेरिस जाँदा तथा त्यहाँबाट फर्किंदा हामीहरू मित्रराष्ट्र फ्रान्सको अतिथी हुनुका अतिरिक्त अनौपचारिक रूपमा मित्रराष्ट्रहरू इटली, ग्रीस र पाकिस्तान पनि पुग्यौं ।

एशिया तथा प्रशान्तक्षेत्र र पश्चिम एशियाका अल्प विकसित राष्ट्रकातर्फबाट पेरिस सम्मेलनलाई सम्बोधन गर्दा हाम्रो सामूहिक समस्याको यथार्थ रूपमा बोध गराउने जिम्मेवारी हामीबाट यथाशक्य पूरा गर्ने प्रयास गरेका छौं । यस सम्मेलनमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संयुक्त राष्ट्र संघका सबैजसो सदस्यराष्ट्रहरूले भाग लिएका हुनाले अनेक मित्रराष्ट्र-हरूका प्रतिनिधिहरूसँग आफ्नो विकासका समस्याहरूबारे विचारको आदान प्रदान गर्ने मौका मिलेकोमा हामीलाई सन्तोष लागेको छ । पेरिस सम्मेलनबाट नेपालका साथ अरू पनि कयौं अल्प विकसित राष्ट्रहरूलाई आफ्नो आर्थिक समस्या समाधान गरी विकासको क्रमलाई नयाँ गति दिन थप मद्दत मिल्नेछ भन्ने हामीले आशा राखेका छौं ।

वर्तमान भ्रमणमा हामीले फ्रान्सका राष्ट्रपति फ्रांस्वा मितरां, संयुक्त राष्ट्र संघको महासचिव डा. कुर्ट वाल्डहाइम र पेरिस सम्मेलनमा भेला हुने विभिन्न महानु-भावहरूका साथै बाटोमा पाकिस्तानका राष्ट्रपति जियाउल हकसँग पनि भेटी कुराकानी गऱ्यौं । हामीलाई यस भ्रमणकालमा हार्दिक स्वागत गर्ने सबैलाई हामी आभार व्यक्त गर्न चाहन्छौं ।

हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कामको अभिभारा सह्माल्ने हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाह तथा राजप्रतिनिधि परिषद्का सदस्यहरूलाई हामी धन्यवाद दिन चाहन्छौं । त्यस्तै मन्त्रिपरिषद् र अन्य सबै राष्ट्र सेवकलाई पनि ऐन कानूनबमोजिम देशको दैनिक प्रशासन चलाएकोमा हामी धन्यवाद दिन चाहन्छौं । अन्तमा हाम्रा प्यारा देशवासीले स्वदेशको बृहत हितलाई हृदयंगम गरी दर्शाएको अनुशासन र लगनशीलताको निम्ति पनि हामी धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् ।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२२